आज मिति २०७७/०४/०५ गते प्रमुख जिल्ला अधिकारी श्री झंकनाथ ढकालज्यूको अध्यक्षतामा जिल्लास्थित कार्यालयका प्रमुखहरूको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णयहरू गरियो।

**निर्णयहरू:**

१. पछिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो र कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरू यथाशीघ्र कार्यान्वयन गरी सोको जानकारी जिल्ला प्रशासन कार्यालयमा पठाउने ।

२. जिल्लास्थित कार्यालयहरू (विशेष गरी विकास र निर्माणसँग सम्बन्धित) को गत आ.ब.को कार्य प्रगतिको समीक्षा गरियो र कोभिड-१९को कारणले मूलुकमा लागू भएको बन्दाबन्दीको अवस्थामा जनशक्ति र सामग्रीको व्यवस्थापनमा केही असहजताले विकास निर्माणका काम कारबाही प्रभावित भएको भए पनि लक्ष्य प्राप्ति सन्तोषजनक रहेको पाइयो। साथै सबै कार्यालयहरूले गत आ.व.को बार्षिक प्रगति विवरण, आर्थिक विवरण आदि समयमै तयार गरी सम्बद्ध निकायमा पेश गर्ने र चालू आ.ब.को नीति तथा कार्यक्रमलाई तोकिएको समयमै सम्पन्न गर्नेगरी यथाशीघ्र अघि बढाउने

३. सबै कार्यालयहरूले कर्मचारीहरूको कार्यसम्पादन मूल्यांकन सम्बन्धी कार्य तोकिएको समयसीमा भित्र सम्पन्न गर्ने। मूलुकमा भइरहेको बन्दाबन्दीको कारणले सवारी आवागमन सुचारू हुन नसकिरहेको हालको अवस्थामा जिल्लास्थित निजामती कर्मचारीहरूको आ.व. २०७६/०७७ को सम्पत्ति विवरण प्रत्येक कार्यालयले मिति २०७७/०५/१५ गते भित्रमा नुवाकोट जिल्ला हुलाक कार्यालयमा बुझाई सक्ने र त्यसरी बुझाइएका सम्पत्ति विवरण हुलाक कार्यालयले आवश्यक समन्वय गरी निजामती कितावखानामा तोकिएको समयसीमा भित्र पुऱ्याउने। साथै सेवा करारमा रहेका तथा अस्थायी कर्मचारीहरूको सम्पत्ति विवरण राष्ट्रिय सतर्कता केन्द्रको निर्देशन बमोजिम सम्बन्धित कार्यालयमा दर्ता गर्ने।

४. गृह मन्त्रालयको द.नं. १८८४ मिति २०७७/०३/२९ को परिपत्रानुसार जिल्लास्थित कार्यालयहरूले करारमा कर्मचारी पदपूर्ति गर्दा देहाय बमोजिम गर्ने:
   - सबै कार्यालय र नेपाल सरकारका विभिन्न अस्थायी प्रकृतिका कुनै पनि आयोजनामा स्वीकृत भएको अस्थायी दरवन्दीमा समेत करार/अस्थायी सेवामा नयाँ भर्ना नगर्ने, कर्मचारी आवश्यक परेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालसँग समन्वय गरी फाजिलमा रहेका कर्मचारीहरूबाट व्यवस्थापन गर्ने।
   - बुँदा नं. १ अनुसार पदपूर्ति हुन नसक्ने अवस्था भएमा र सो पद करार/अस्थाइ/ज्यालदारीबाटै पूर्ति गर्नु पर्ने पर्याप्त आधार र कारण भएमा आर्थिक दायित्वका सम्बन्धमा अर्थ मन्त्रालयको र पदपूर्ति गर्ने सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहमति लिएर मात्र गर्ने।

५. नेपाल सरकारबाट घोषित "सुखी नेपाली सम्वृद्ध नेपाल" राष्ट्रिय आकांक्षालाई साकार पार्ने सन्दर्भमा यस जिल्लाका सबै सरकारी कार्यालयहरुबाट प्रदान गरिने सेवालाई प्रभावकारी बनाउन, विकास निर्माणका कार्यलाई गुणस्तरीय बनाउन आ-आफ्नो वार्षिक कार्यक्रम अनुरुप कार्यालय व्यवस्थापन, सेवा प्रवाह र कार्यालयको कोर जिम्मेवारीको कार्यसम्पादन सुधार विषयमा केन्द्रित रही सबै कार्यालयहरुले सुधार योजना तयार गरी कार्यान्वयन गर्ने । उक्त

सुधार योजना सबै कार्यालयहरुले आ-आफ्नो कार्यालयको वेवसाइट र जिल्ला प्रशासन कार्यालयको वेवसाइटको समेत राख्ने ।

६. जिल्लास्थित सबै कार्यालयहरुले प्रचलित नियम कानून बमोजिम आ आफ्नो कार्यालयको जिन्सी निरीक्षण कार्य समयमै सम्पन्न गरी मिन्हा, लिलामी लगायतका कार्य प्रक्रिया अगाडी बढाउने ।

७. जनतासंग प्रत्यक्ष संवाद गर्न, सूचना आदानप्रदान गर्न र गुनासो सम्बोधन गर्न सबै कार्यालयहरुले सामाजिक सञ्जालमा प्रभावकारी उपस्थिति देखाउने अभिप्रायले खोलिएका सामाजिक सञ्जाल खाताहरुमा एकरुपता कायम गर्ने उदेश्यले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले विद्युतीय कारोवार ऐन, २०६३ दफा ७९ अधिकार प्रयोग गरी तयार गरेको सरकारी निकायद्धारा सामाजिक सञ्जाल प्रयोग गर्ने कार्यविधि २०७५ सबै सरकारी कार्यालयहरुले अनिवार्य रुपमा कार्यान्वयन गर्ने ।

८. जिल्लास्थित सबै कार्यालयहरुले सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी आ-आफ्नो कार्यालयबाट प्रवाह गरिने सेवा प्रवाहलाई छिटो, छरितो र गुणस्तरीय बनाउने । यसका लागि यथसंभव मोवाइल एप, डिजिटल सूचना बोर्ड (डिजिटल नागरिक बडापत्र), सिसि क्यामरा जस्ता उपकरणको प्रयोग गर्ने ।

९. जिल्लास्थित सबै कार्यालयहरुले आ आफ्नो कार्यालयका कर्मचारीहरु समेतको सहभागितामा कार्यालय परिसर अनिवार्य रुपमा सरसफाइ गरी कार्यालयको परिसर आकर्षक र भौतिक वातावरण सेवाग्राहीमैत्री बनाउने ।

१०. जिल्लाका सबै विकास निर्माणका कार्यहरु सञ्चालन गर्ने सम्बद्ध कार्यालयहरुले आ-आफ्नो कार्यालयको वार्षिक कार्यक्रम अनुरुप विकास निर्माणका कार्यहरुलाई तोकिएको समय सीमा भित्र गुणस्तरीय रुपमा सम्पन्न गर्न तीव्रता दिने ।

११. बजारमा उपभोग्य वस्तु तथा सेवाको उपलब्धता, आपूर्ति, गुणस्तर लगायतका विषयको अनुगमन गरी उपभोक्ता हक अधिकार संरक्षण गर्न जिल्ला प्रशासन कार्यालय, सम्बद्ध स्थानीय तह, जिल्ला प्रहरी कार्यालय,स्वास्थ्य कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, भेटेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय लगायतका कार्यालय र नुवाकोट उद्योग वाणिज्य संघ, उपभोक्ता हित सम्बद्ध संघसंस्था एवं नेपाल पत्रकार महासंघ शाखाका नुवाकोटका प्रतिनिधि सम्मिलित कार्यटोली गठन गरी यस जिल्लाका प्रमुख बजारहरु अनुगमन गर्ने । यसका लागि सम्बद्ध सबै निकायका प्रतिनिधिहरुको उपस्थितिमा बैठक बसी अनुगमनका क्रममा के के विषय हेर्ने भन्ने सम्बन्धमा चेकलिष्ट समेत तयार गर्ने ।

१२. वर्षादको समयमा बाढी, पहिरो लगायतका प्रकोपका कारण आउनसक्ने विपदको प्रतिकार्य गरी जनधनको क्षति न्यूनिकरण गर्न विपद सम्बद्ध सबै स्थानीय तह, सरकारी निकायहरु आ-आफ्नो स्रोत साधन सहित तयारी अवस्थामा रहने ।संभावित विपदको अवस्थामा खोज, उद्धार र राहत कार्यमा खटिनु पर्ने भएकोले सबै कर्मचारीहरुले अत्यावश्यक काम परेको अवस्थामा बाहेक जिल्ला नछोड्ने ।